# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


खण्डः ४ | संख्याः ३ | प्रमाणिकरणः२०७८।०१।१२

प्रकाशन मितिः २०७८।०१।१२


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि नीजि-सार्वजनिक लगानी प्रवर्धन कार्यविधि २०७८

**प्रस्तावनाः** ठाकुरबाबा नगरपालिकाभित्र विपद् जोखिम न्यूनीकरण तथा समुदायको उत्थानशीलता वृद्धिका लागि नीजि र सार्वजनिक लगानी प्रवर्धन गर्न वाञ्छनिय भएकोले ठाकुरबाबा नगरपालिका विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार बमोजिम यो कार्यविधि को निर्माण गरिएको छ।

#### परिच्छेद-१

#### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी-सार्वजनिक लगानी प्रवर्धन कार्यविधि, २०७८" रहनेछ।

ख) यो कार्यविधि ठाकुरबाबा न.पा.को स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई धनजनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्दछ।

ख) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्वन्धि कार्य सम्झनु पर्दछ।

ग) "ऐन" भन्नाले ठाकुरबाबा नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई सम्झनु पर्दछ।


विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी-सार्वजनिक लगानी प्रवर्धन कार्यविधि, २०७८

घ) "विपद् व्यवस्थापन कोष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम ठाकुरबाबा नगरपालिकामा स्थापित विपद् व्यवस्थापन कोषलाई सम्झनु पर्दछ।

ङ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिका, सैनवार बर्दियालाई सम्झनु पर्दछ।

च) "नगरसभा" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

छ) "कार्यविधि" भन्नाले विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी-सार्वजनिक लगानी प्रर्वधन कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ।

ज) "निजी क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई वा स्वीकृती लिई सञ्चालन भएका नाफामूलक संघ-संस्थाहरु, बैङ्क तथा वित्तिय संस्थाहरु, सहकारी, व्यापारी, निर्माण व्यवसायी, यातायात व्यवसायी, सिनेमा हल, व्यापारिक मल, उद्योग-कलकारखाना आदिलाई सम्झनु पर्दछ।

झ) "सार्वजनिक निकाय/क्षेत्र" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य

**३. विपद् जोखिम न्यूनिकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी-सार्वजनिक लगानी प्रर्वधनको उदेश्य**

क) उत्थानशीलता वृद्धिमा लगानी बढाई विद्धमान जोखिम कम गर्ने।

ख) विपद् जोखिम न्यूनीकरणमा निजी-सार्वजिक लगानी प्रवर्धन मार्फत भविष्यमा सिर्जना हुन सक्ने जोखिम नियन्त्रण गर्ने।

## परिच्छेद-३

## प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यहरु

**४. यस कार्यविधिले देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरुमा निजी-सार्वजनिक लगानी प्रर्वधन गर्नेछः**

क) उत्थानशीलता वृद्धिमा लगानी प्रवर्धन

ख) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

ग) विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

घ) जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

**५. स्थानीय स्तरमा विपद् जोखिम न्यूनिकरण/व्यवस्थापन तथा उत्थानशीलता वृद्धि गर्न निजी-सार्वजनिक लगानी प्रर्वधनका लागि प्राथमिकता प्राप्त कार्यहरुः**

१. विपद् जोखिमयुक्त, संकटासन्न तथा पिछडिएका वर्ग वा व्यक्तिको लागि सीपमुलक तालिम तथा जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गर्ने।

२. कृषि तथा व्यवसायमा ऋण अनुदान दिने।

३. स्थानीय स्तरमा हाटबजार तथा सङ्कलन केन्द्र (कृषि उपज) सञ्चालन, ढुवानी साधनहरुमा सहयोग, समूह तथा सहकारी परिचालन गरी विपद् जोखिम तथा संकटासन्न समुदायले गरेको उत्पादनलाई बजारीकरण गर्न सहयोग गर्ने।

विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी सार्वजनिक लगानी प्रवर्धन कार्यविधि २०७८

४. बाढीको जोखिम भएका समुदायहरुलाई बाढी प्रतिरोधी बीउबिजन उपलव्ध गराउने तथा वैकल्पिक खेती प्रवर्धन गर्ने।

५. महिला स्वास्थ्य स्वयंसेविका, बालक्लव, स्वास्थयकर्मी, शिक्षक आदिको परिचालन गरी विपद् जोखिम न्यूनीकरणका सवालमा जनचेतना वृद्धि गर्ने।

६. सरोकारवाला पक्षहरुसँग भएको स्रोत-साधन, दक्ष जनशक्ति आदिको लगत सङ्कलन, आवश्यकता पहिचान तथा क्षमता अभिवृद्धि गर्ने।

७. सरोकारवाला निकायहरुसँग भएका अत्यावश्यक सामग्रीलाई सुरक्षित ठाउँमा भण्डारण गर्ने।

८. विपद्को समयमा अत्यावश्यक सामाग्रीको अभाव तथा कालोबजारी हुन नदिन विपद् पूर्व नै सामाग्री सूचीकृत गरी सुरक्षित भण्डारणको व्यवस्था मिलाउने।

९. विपद्को समयमा अत्यावश्यक सामाग्री उपलव्ध गराउने व्यापारीहरुको सूची बनाई समन्यव गर्ने।

१०. झरन तथा जलनिकास मार्गहरु निरन्तर रुपमा सफाइ गरी वर्षाको बेला हुन सक्ने सम्भावित बाढीको जोखिम न्यूनीकरण गर्ने।

११. विपद्को समयमा आपतकालीन अवस्थामा प्रयोग हुने सवारी साधन (दमकल, एम्बुलेन्स, शववाहन आदि) को खरिदमा स्थानीय सरकारले अनुदान दिने तथा अन्य साझेदार निकाय (निजी-सार्वजनिक क्षेत्र) सँगको साझेदारीमा खरिद, सञ्चालन तथा व्यवस्थापनको व्यवस्था मिलाउने।

१२. सडक दुर्घटनाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि जेब्रा क्रसिङ, ओभरहेड ब्रिज, सेफ्टि वेरियर, ट्राफिक सङ्केत, ट्राफिक शिक्षा, ट्राफिक सूचना तथा जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्ने र नयाँ बन्ने सडक संरचनामा यी कुरा अनिवार्य गर्ने।

१३. भवन निर्माण आचारसंहिताको पालना गर्ने/गराउने, आपतकालीन समयमा प्रयोग गर्न सकिने खुल्ला चौर, खानेपानी लगायतका संरचना निर्माण गर्न आवश्यक वजेट छुट्टाउने।

१४. जोखिमयुक्त पूर्वाधार तथा संरचनाहरुको पूनःनिर्माणका लागि रकम विनियोजन गर्ने।

१५. विपदबाट क्षति पुगेका धार्मिक स्थल, मठ, मन्दिर, मस्जिद, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, भवन र स्थलहरुको संरक्षण, मर्मत र पूर्ननिर्माण समुदाय तथा निजी-सार्वजनिक क्षेत्रबाट गर्न सकिने वातावरण सिर्जना गर्ने।

१६. परम्परागत पोखरीहरुको मर्मत तथा संरक्षण गर्ने, थोपा सिंचाई, कुलो निर्माण लगायतका कार्यहरु गर्ने।

१७. अग्नी रेखा लगायतका वैज्ञानिक वन व्यवस्थापनका विविध क्रियाकलापहरु गर्ने।

१८. वैकल्पिक उर्जामा अनुदानको व्यवस्था गर्ने।

१९. विपद् जोखिम भएका क्षेत्रमा तटबन्धन, वृक्षारोपण लगायतका कार्य गर्ने।

२०. विपद् जोखिम न्यूनीकरणमा पूर्व सूचनाका लागि एफ. एम. रेडियो तथा **एप**को प्रयोग गर्ने।

२१. विपद् परेका संकटासन्न समुदाय तथा साना व्यापारीहरुलाई व्यवसाय पुनः सञ्चालन गर्नका लागि स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेका वित्तिय संस्थाहरु (वैङ्क, लघुवित्त, सहकारी आदि)

विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी-सार्वजनिक लागि प्रवर्धन कार्यविधि, २०७८

ले सहज तथा सुलभ रुपमा न्यून ब्याजदरमा ऋण लगानी गर्ने र सोका लागि नगरपालिकाले सहजीकरण र समन्वय गर्ने।

२२. विपद् संकटासन्न समुदाय तथा अन्यका लागि कृषि, पशु, घर, व्यवसाय, बीमा कार्यक्रम सञ्चालन गर्न बीमा कम्पनीहरुलाई प्रोत्साहन गर्ने र सोका लागि नगरपालिकाले सहजीकरण र समन्वय गर्ने।

२३. बीमा र सामाजीक सुरक्षा लगायतका विपद्जन्य जोखिम हस्तान्तरण विधि र प्रक्रिया तयार गरी कार्यान्वयन गर्ने, गराउने।

२४. विपद् जोखिममा रहेका संकटासन्न समुदायमा पूर्वानुमानमा आधारित सामाजिक सुरक्षाका (योगदानमा आधारित वा निशर्त) कार्यक्रम लागु गर्ने।

२५. नीजि तथा व्यापारिक संस्थाहरुलाई जोखिम व्यवस्थापनको समयमा सहयोग पुर्याउन आवश्यक विभिन्न समिति, उपसमितिहरु बनाई परिचालन गर्ने।

२६. धार्मिक तथा सामाजिक संघ-संस्थाहरु, वैङ्क, सहकारी, वित्तिय संस्था, नीजि क्षेत्र, शैक्षिक क्षेत्र, वाणिज्य एवं व्यवसायीहरुले विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा प्रयोग हुने गरी रकम विनियोजन गर्ने तथा विपद् व्यस्थापन कोषको व्यवस्था गर्ने।

२७. विपद् जोखिम न्यूनीकरणका लागि कोषमा रकम जम्मा गर्न प्रोत्साहित गर्ने।

२८. विपद् संकटासन्न समुदायमा समूह गठन गरी विपद् व्यवस्थापनका लागि बचत गर्न प्रोत्साहित गर्ने।

२९. विपद्बाट प्रभावित स्थानीय व्यापार व्यवसाय पुनः सञ्चालनका लागि घुम्ती कोषको निर्माण गरी परिचालन गर्ने।

३०. विपद्को समयमा स्थानीय सीपको प्रयोग गर्न प्रोत्साहन गर्ने।

३१. विपद् जोखिम न्यूनीकरणका लागि मठ, मन्दिर, चर्च, मस्जिद, सार्वजनिक भवन, नदिजन्य पदार्थ, वन-पैदावारबाट सङ्कलित रकमको केही अंश विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने।

३२. धार्मिक संघ-संस्थाहरु, सामाजिक संघ-संस्था, क्लब लगायतले विपद्को समयमा खेल्ने भूमिका सुनिश्चित गरी प्रशिक्षित गर्ने।

३३. मानवीय संस्थाहरु तथा मानव अधिकारवादीहरुको भूमिका र सह-सम्वन्धलाई परिभाषित गरेर कार्य क्षमता वढाउने।

३४. संरक्षण तथा वातावरणसँग सम्वन्धित क्षेत्रसँगको सहकार्यमा संरक्षण र दिगो विकासको अवधारणालाई सबै क्षेत्रमा समावेश गर्ने।

## परिच्छेद-४

## विविध

**६. सहयोगका लागि आह्वान गर्न सक्नेः-**

१. नगरपालिकाले निजी तथा सार्वजनिक क्षेत्रलाई विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि प्राथमिकता प्राप्त कार्य गर्नका लागि तथा लगानी प्रर्वधनका लागि आह्वान गर्न सक्नेछ।

२. यसरी आह्वान गर्दा नीजि-सार्वजनिक क्षेत्रको क्षमता र विशिष्टताका आधारमा लगानीका लागि अनुरोध गरिनेछ।

विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजि सार्वजनिक लागि प्रवर्धन कार्यविधि २०७८

३. नीजि क्षेत्रको लगानी प्रवर्धनका लागि व्यवसायीक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility-CSR) अवधारणालाई अघि वढाइनेछ।

४. यसबाट प्राप्त हुन आउने आर्थिक लगानी नगरपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्नु पर्नेछ। यसरी प्राप्त हुन आउने रकम विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्नु पर्नेछ।

५. प्रत्यक्ष आर्थिक लगानी बाहेक अन्य साझेदारीको अवसर आएमा प्राथमिकता प्राप्त कार्यमा निजी-सार्वजनिक निकायले सोझै सहयोग पनि गर्न सक्नेछ।

**७. सहजिकरण र समन्वय गर्नेः-**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नगरपालिकाले विभिन्न निजी-सार्वजनिक निकाय (सरकारी निकायहरु, बैङ्क, बीमा कम्पनीहरु, वित्तिय संस्थाहरु, सहकारी, विद्यालय, व्यापारी, निर्माण व्यवसायी, वस व्यवसायी, उद्योगी लगायतका निजी-सार्वजनिक क्षेत्र) सँग समन्वय गरी विपद् व्यस्थापनका क्षेत्रमा लगानी प्रवर्धनमा सहजीकरण गर्नेछ।

**८. वजेट विनियोजन गर्नुपर्नेः-**

१. निजी-सार्वजनिक क्षेत्रले अनिवार्य रुपमा विपद् व्यवस्थापनका क्षेत्रमा केही बजेट विनियोजन गर्नुपर्नेछ।

२. सरकारी निकायको हकमा सम्पूर्ण सरकारी निकायहरुले कुल वार्षिक वजेटबाट आवश्यक रकम विपद् व्यवस्थापनका क्षेत्रमा खर्च हुने गरी विनियोजन गर्नु पर्नेछ।

**९. विपद् व्यवस्थापन कोषः-**

१. विपद् व्यवस्थापन कोष (सञ्चालन) र स्रोत परिचालन कार्यविधि, २०७५ बमोजिम नगरमा एउटा विपद् व्यवस्थापन कोष रहनेछ।

२. सो कोषमा विभिन्न सरोकारवाला निकाय, नीजि-सार्वजनिक क्षेत्रले योगदान गर्न सक्नेछन्।

३. यसका अलावा निजी-सार्वजनिक क्षेत्रले विपद् व्यवस्थापनका लागि आ-आफ्नो निकायमा तथा समुदाय स्तरमा रकम विनियोजन वा कोष खडा गर्न सक्नेछन्। तर सो कोषको रकम खर्च गर्नका लागि नगरपालिकाको पूर्व स्वीकृती लिनुपर्नेछ।

**१०. नगर विपद् व्यवस्थापन कोषको सञ्चालनः-**

१. नगरपालिकामा स्थापना गरिएको विपद् व्यवस्थापन तथा आकस्मिक कोष को सञ्चालन एवं प्रयोग नगरपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) र स्रोत परिचालन कार्यविधि, २०७५ वमोजिम हुनेछ।

**११. अनुगमन र निर्देशन दिन सक्नेः**

नगरस्तरीय विपद् व्यवस्थापन समितिले विपद् व्यस्थापनका लागि नीजि-सार्वजनिक लगानीबाट सञ्चालन भएका क्रियाकलापहरुको नियमित अनुगमन तथा सो बारे आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

**१२. व्याख्या, संशोधन तथा खारेजीः**

यस कार्यविधिको व्याख्या गर्ने र कार्यविधि संशोधन तथा खारेजी गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत



विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन तथा उत्थानशीलताका लागि निजी सार्वजनिक लगानी प्रवर्धन कार्यविधि, २०७८